
**कोभिड-१९ (कोरोना भाइरस) खोप पाउन चाहनुहुने विदेशी नागरिकहरुको लागि:**

# तपाईं कोभिड-१९ खोप कुपन पाउन लागेको!

सूचना !

- **तपाईंको स्थानीय नगरपालिकाले "कोभिड-१९ खोप कुपन" र "कोभिड-१९ खोपको सूचना" वितरण गर्दैछ ("कोभिड-१९ खोपको सूचना" चाहिं संलग्नक जस्तो देखिन्छ)।**
- **यदि तपाईंले आफ्नो निवास कार्डमा उल्लेख गरिएको ठेगाना भन्दा फरक ठेगानामा बस्नुहुन्छ भने, तपाईंले खोप कुपन *पाउनुहुनेछैन*। यस्तो अवस्थामा, कृपया तुरुन्तै नगरपालिका कार्यालयमा गएर ठेगाना परिवर्तन गर्ने प्रक्रियाहरु पूरा गर्नुहोस्।**

① कृपया तपाईंको स्थानीय नगरपालिका बाट पाउनुभएको खाम जसमा "コロナ(कोभिड-१९) (कोरोना भाइरस)" र/वा "ワクチン(खोप)" लेखिएको छ, त्यसलाई खोलेर भित्र राखिएको कागजहरू हेर्नुहोला।




② कोभिड-१९ खोप कुपन अनुक्रमिक क्रममा वितरण गरिरहेको छ। तपाईंले कतिखेर खोप कुपन पाउने सम्भावना छ भनेर बुझ्नलाई नगरपालिका बाट आइने घोषणा हेर्न सक्नुहुन्छ (नगरपालिकाको वेबसाइटमा, आदि)।

③ यदि तपाईंले आफ्नो निवास कार्डमा उल्लेख गरिएको ठेगाना भन्दा फरक ठेगानामा बस्नुहुन्छ भने, कृपया तुरुन्तै नगरपालिका कार्यालयमा गएर ठेगाना परिवर्तन गर्ने प्रक्रियाहरु पूरा गर्नुहोस्

④ जब तपाईंले कोभिड-१९ खोप कुपन पाउनुहुन्छ, तब आरक्षण गरेर "कोभिड-१९ खोपको सूचना"को सामग्री अनुसार खोप लिनुहोला।

यदि तपाइँको कुनै प्रश्न छ भने, कृपया थप स्पष्टीकरणको लागी निम्न पृष्ठमा (१) देखि (४)-को कुनै सँग सोधपुछ गर्नुहोस्।

**जापान अध्यागमन निबास नियन्त्रण एजेन्सी**

**विदेशी निवासी सहायता केन्द्र**

外国人在留支援センター
FRESC

## सोधपुछ

## कोभिड-१९ खोप कुपन पाउनुभए पछि तपाईंको कुनै प्रश्नको जवाफको लागी निम्न (१) देखि (४)-को कुनै सँग सोधपुछ गर्नुहोस्।

**(१) स्थानीय नगरपालिका**

खामको अगाडी लेखिएको नम्बरमा कल गर्नुहोस्।

**(२) कोभिड-१९ खोप कल सेन्टर (स्वास्थ्य, श्रम र कल्याण मन्त्रालय)**

टेलिफोन: ०१२०-७६१-७७० (नि:शुल्क)
खुल्ला समय: ९:०० - २१:०० (शनिबार, आइतबार, र राष्ट्रिय बिदाहरूमा पनि खुल्ला हुन्छ)
भाषाहरू: जापानी, अंग्रेजी, चिनियाँ, कोरियाली, पोर्चुगिज, र
स्पेनी: ९:०० - २१:००
थाई: ९:०० - १८:००
भियतनामी: १०:०० - १९:००

(सन्दर्भ) कोभिड-१९ खोप बाहेक कोभिड-१९ सम्बन्धित समस्याहरूको लागि स्वास्थ्य, श्रम र कल्याण मन्त्रालयले प्रदान गरिएको टेलिफोन परामर्श सेवा

- **कोभिड-१९को लागि स्वास्थ्य, श्रम र कल्याण मन्त्रालय-मा सम्पर्क कार्यालय**
  टेलिफोन: ०१२०-५६५-६५३ (नि:शुल्क)
  खुल्ला समय: ९:०० - २१:०० (शनिबार, आइतबार, र राष्ट्रिय बिदाहरूमा पनि खुल्ला हुन्छ)
  भाषाहरू: जापानी, अंग्रेजी, चिनियाँ, कोरियाली, पोर्चुगिज, र
  स्पेनी : ९:०० - २१:००
  थाई: ९:०० - १८:००
  भियतनामी: १०:०० - १९:००

**(३) विदेशी निवासी सहायता केन्द्र FRESC सहायता केन्द्र**

टेलिफोन: ०१२०-७६-२०२९ (नि:शुल्क)
खुल्ला समय: ९:०० - १७:०० (सोमबारदेखि शुक्रबारसम्म मात्र)
भाषाहरू: जापानी, अंग्रेजी, चिनियाँ, कोरियाली, पोर्चुगिज, स्पेनी, थाई, भियतनामी, फिलिपिनो, खमेर, नेपाली, इन्डोनेसियाली, म्यानमार, मङ्गोलियन, फ्रेन्च, सिंहली, उर्दू, र बंगाली

**(४) क्षेत्रीय परामर्श डेस्क (विदेशी नागरिकहरुले आफ्नो दैनिक जीवनको सहायता गर्नको लागि मदत गर्ने पोर्टल साइट)**

- जापानी भाषा: https://www.moj.go.jp/isa/content/930004512.pdf
- अंग्रेजी: https://www.moj.go.jp/isa/content/930005173.pdf

* परामर्श डेस्क अनुसार उपलब्ध भाषाहरू फरक हुन सक्छ भन्ने कुरा याद गर्नुहोस्।

कृपया "कोरोना भाइरस खोप नेभिगेसन वेबसाइट"लाई पनि हेर्नुहोस्।

"कोरोना भाइरस खोप नेभिगेसन वेबसाइट" ठेगाना: **https://v-sys.mhlw.go.jp**

- यदि तपाइँले उपलब्ध चिकित्सा संस्था वा खोप स्थल पाउन सक्नुहुन्न भने, कृपया तपाईंको स्थानीय नगरपालिका कार्यालयमा सम्पर्क गर्नुहोस्।
- कोरोना भाइरस खोप नेभिगेसन वेबसाइटमा आरक्षण गर्न सक्नुहुन्न भनेर कृपया याद गर्नुहोस्।

